मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन ५ गते मंगलबार ❑ 17 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## रास्वपा सभापति लामिछानेको मुद्दामा तत्काल कुनै प्रक्रिया अगाडि नबढाउने कास्की अदालतको आदेश

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

कास्की जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा तत्काल कुनै प्रक्रिया अगाडि नबढाउने भएको छ।



जिल्ला सरकारी वकिल कार्यालयले लामिछानेविरुद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ताका लागि अदालतमा दिएको निवेदनमाथि सोमबार भएको सुनुवाइपछि अदालतले उक्त मुद्दा तत्काललाई 'होल्ड' गर्ने आदेश गरेको अदालतका स्रेस्तेदार राजन खनालले जानकारी दिनुभयो।

महान्यायाधिवक्ताको कार्यालयले लामिछानेविरूद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिने निर्णय गरेपछि जिल्ला सरकारी वकिल कार्यालयले उक्त मुद्दा फिर्ताका लागि जिल्ला अदालतमा निवेदन दिएको थियो। जिल्ला न्यायाधीश नितिश राईको इजलासले महान्यायाधिवक्ताको कार्यालयको उक्त निर्णयका विषयमा सर्वोच्च अदालतमा पनि रिट परेकाले सर्वोच्च अदालतबाट आउने आदेशपछि मात्र जिल्ला अदालतले आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो।

"मुद्दा फिर्ता गर्ने वा नगर्ने भन्ने आदेश भएको होइन, यो विषयमा सर्वोच्चमा पनि रिट परेकाले सर्वोच्चको आदेश नआउञ्जेलसम्म होल्डमा राख्ने कुनै प्रक्रिया अगाडि नबढाउने आदेश भएको हो", स्रेस्तेदार खनालले भन्नुभयो।

पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा लामिछानेविरुद्ध सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा पनि थियो। महान्यायाधिवक्ता कार्यालयले गत पुस ३० गते लामिछाने प्रतिवादी रहेको सहकारी ठगी मुद्दा यथावत राख्दै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिने निर्णय गरेको थियो।

## १८ गतेसम्म निर्वाचन प्रचार–प्रसार गर्न पाइने

**रासस**
काठमाडौं, ४ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबारदेखि औपचारिक रूपमा प्रचार-प्रसार गर्न पाइने भएको छ।

मतदान हुने दिनभन्दा १५ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसारअन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था छ। सोही व्यवस्थाअनुसार, आजदेखि यही फागुन १८ गते राति १२ बजेसम्म राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचार-प्रसार गर्न सक्ने छन्। निर्वाचनको निष्ठालाई उच्च प्राथमिकतामा राखेर दल तथा उम्मेदवार एवं अन्य सरोकारवाला सबैले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचन प्रचार-प्रसार गर्न सक्ने जनाइएको छ। सोही व्यवस्थाभित्र रहेर राजनीतिक दलका उम्मेदवारले औपचारिक रूपमा मतदातासमक्ष मत माग्न पाउनेछन्। आयोगले आचारसंहिता कार्यान्वयन तथा अनुगमनमा विभिन्न संयन्त्र परिचालन गरिरहेको छ। राजनीतिक दल तथा उम्मेदवारहरूलाई आचारसंहिता उल्लङ्घन भएको बारे पत्र काटेर स्पष्टीकरण सोध्ने, कानुनी कारबाहीका लागि अघि सर्नुपर्ने अवस्था नआओस् भन्ने स्पष्ट पारेको छ। आचारसंहिता राजनीतिक दल एवं सरोकारवाला पक्षहरूसँग व्यापक विचार-विमर्श गरेर तर्जुमा गरिएको आयोगले स्मरण गराएको छ। आचारसंहिताको पूर्ण परिपालना गर्छौं भनेर सबै राजनीतिक दलहरूले प्रतिबद्धता जनाएका छन्। आचारसंहिता उल्लङ्घनका घटनामा आयोगले शून्य सहनशीलता नीति अवलम्बन गरेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनुभयो। उल्लङ्घनकर्तालाई आयोगले स्पष्टीकरण सोध्ने र उल्लङ्घनको प्रमाण तथा अवस्था हेरेर सचेत, दण्डजरिवाना तथा उम्मेदवारी खारेजीसम्म हुने कानुनी व्यवस्था छ। यसैगरी, दल र उम्मेदवारले तोकिएको मापदण्डका आधारमा पत्रपत्रिकाका साथै 'अनलाइन' सञ्चारमाध्यममा पनि विज्ञापनवाट प्रचारप्रसार गर्न सक्नेछन्। निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ। निर्वाचनका समयमा कुनै पनि दल वा उम्मेदवारविरुद्ध तथा निर्वाचनलाई प्रतिकूल असर पार्ने उद्देश्यले सामाजिक सञ्जाल तथा अनलाइन माध्यमबाट एवं सङ्गठित रूपमा निहित राजनीतिक स्वार्थका लागि फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिन नपाइने आयोगले उल्लेख गरेको छ।

## निरन्तर भ्याट र करबारे सिकाउँदै पोउवा संघ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

'हामीलाई टिकटक र फेसबुक चलाउन कसैले सिकाएको हैन। मार्क जुकरवर्ग आएर फेसबुक यसरी चलाउने हो भन्या पनि हैन होला। त्यो चलाउन जान्ने तर आफूलाई चाहिने करको दाखिला गर्ने कुरा चाहिँ नजान्ने,भर्न जानेको छैन। बिल काट्न आउँदैन भन्न मिल्छ र ?'



आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुंगानाले सोमबार पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको मूल्य अभिवृद्धि कर (भ्याट) र करबारे आयोजना गरेको तालिम कार्यक्रममा प्रश्न तेर्स्याए। पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रममा अध्यक्ष गोकर्ण कार्की मुस्कुराए, तालिममा सहभागीहरु मुखामुख गरे।

प्रमुख कर अधिकृत त्यत्तिमै रोकिएनन्। उनले व्याख्यासहित भने,'नेपालको कर प्रणाली भनेको स्वघोषणा गर्नेखालको हो। हाम्रो कर प्रशासनका ८० प्रतिशत काम अनलाइनबाटै हुन्छ। तपाईं कार्यालय आउनै पर्दैन। हाम्रो वेवसाइटमा जानुभयो भने त्यहाँ सधैँ सोधिने प्रश्नहरुका उत्तर छन्। अलिकति अध्ययन गर्नासाथ आफूले तिर्नुपर्ने राजश्व आफै भर्न सकिन्छ। भ्याट चाहिँ यहाँहरुले तिर्ने हैन। उपभोक्ताले तिरेको रकम राज्यलाई बुझाउने हो। त्यो पनि एक महिनासम्म तपाईंले बिना ब्याज चलाउन पाउनुहुन्छ।' प्रमुख कर अधिकृत ढुंगानाले दण्ड र जरिवानाबाट बच्नका निम्ति आफै जागरुक बन्नुपर्नेमा पनि जोड दिए। पोखरा उद्योग वाणिज्य संघले जर्मन सहयोग संस्था जीआइजेडको दीगो विकासका लागि राजश्व सुधार परियोजना (आरएसआर एसडी) को सहयोगमा भ्याट र करसम्बन्धी तालिम संचालन गर्दै आइरहेको छ। यो कार्यक्रमअन्तर्गत विभिन्न क्षेत्रका उद्योगी/व्यवसायीलाई तालिम प्रदान गरिने संघका अध्यक्ष गोकर्ण कार्कीले जानकारी दिए। हालसम्म ४ वटा तालिम प्रदान गरिएको र सोमबार एवं फ्लोरिङ तथा फर्निसिङ व्यवसायी संघ कास्कीसँगको समन्वयमा आयोजना २ दिने तालिम आयोजना गरिएको अध्यक्ष कार्कीको भनाइ छ। सो कार्यक्रममा बोल्दै संघका अध्यक्ष गोकर्ण कार्कीले कर तिर्नु व्यवसायीको धर्म हो भन्नेमा संघ प्रष्ट रहेको र प्रणाली चाहिँ अझै सरल हुनुपर्ने धारणा सुनाए।

पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा बोल्दै फ्लोरिङ तथा फर्निसिङ व्यवसायी संघ कास्कीका अध्यक्ष थानेश्वर तिवारीले कर प्रणालीबारे जानकारी प्राप्त हुँदा व्यवसाय गर्न सहजता प्राप्त हुने आशा राखे। सहभागीहरुलाई सिए विवेक श्रेष्ठले कर र भ्याटबारे सहजीकरण गरेका थिए।

## निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आयोगको आग्रह

**रासस**
काठमाडौं, ४ फागुन

राष्ट्रिय मानवअधिकार आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा निकायलाई आग्रह गरेको छ।

यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा व्यवस्थाको तयारी तथा निर्वाचनमा मानवअधिकारको संरक्षण सम्बन्धमा आइतबार नेपाल सरकारका चारवटै सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूसँग छलफल गर्दै आयोगले यस्तो आग्रह गरेको हो।

आयोगका सहायक प्रवक्ता श्यामबाबुकाफ्लेलेसुरक्षानिकायका प्रमुख तथा पदाधिकारीहरूसँग छलफल गरी सुरक्षा व्यवस्था चुस्त बनाउन आग्रह गरिएको बताउनुभयो। कार्यक्रममा आयोगका सदस्य, सचिव, नेपाली सेनाका रथी, नेपाल प्रहरीका महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलगायतको उपस्थिति रहेको थियो। छलफलपछि आयोगले भनेको छ, "निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा निकायलाई आवश्यक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा विद्यालय बस चालक नै मापसेमा, महानगरद्वारा कडा कारबाहीको चेतावनी


**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

पोखरामा विद्यालय बस चालकहरू नै मादक पदार्थ सेवन (मापसे) गरी सवारी साधन चलाउने गरेको भेटिएको छ।



जिल्ला प्रहरी कार्यालय कास्कीले गरेको चेकिङमा पोखराका केही स्कुल बसका चालकहरुले नै मापसे गरेको पुष्टि भएको हो। स्कुल बस चालकहरूले मादक पदार्थ सेवन (मा.प.से.) गरी सवारी साधन चलाउने गरेको गुनासो व्यापक आएपछि जिल्ला प्रहरी कार्यालय कास्कीले विशेष चेकजाँच अभियान सञ्चालन गरेको हो। सोमबार बिहान करिब ९:३० बजे जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत कार्यालयबाट ट्राफिक प्रहरी सहित खटिएको संयुक्त टोलीले स्कुल बस चालकहरूलाई लक्षित गरी मा.प.से. परीक्षण गर्दा पाँच जना चालक मादक पदार्थ सेवन गरी सवारी साधन चलाएको पाइएपछि नियन्त्रणमा लिइ आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय कास्कीले आज जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लखे गरिएको छ। माउण्ट हेभन बोर्डिङ स्कुलको ग १ क ३६७४ नम्बरको बस चालक, पोखरा महानगरपालिका-१५ बस्ने ३३ वर्षीय आनन्द परियार, कुमुदिनी होम्स बोर्डिङ स्कुलको ग १ क १३८२ नम्बरको बस चालक, पोखरा-५ प्रस्याङ बस्ने ३७ वर्षीय गौतम गुरुङलाई प्रहरीले नियन्त्रणमा लिएको छ। त्यसैगरी बिन्ध्येश्वरी बोर्डिङ स्कुलको ग १ क ६२२१ नम्बरको बस चालक, पोखरा-१५ बस्ने ४४ वर्षीय भक्तबहादुर गुरुङ, अंजली बोर्डिङ स्कुलको ग १ क ६४०३ नम्बरको बस चालक, पोखरा-१६ बस्ने ४८ वर्षीय डम्बरबहादुर गुरुङ र एस.ओ.एस. बोर्डिङ स्कुलको ग १ क ६४३३ नम्बरको बस चालक, पोखरा-१० रामबजार बस्ने ४७ वर्षीय पदम बिकलाई प्रहरीले नियन्त्रणमा लिएको हो। बालबालिकाको सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय भएकाले यस्ता लापरबाही गर्ने चालकहरू विरुद्ध कडाइका साथ कारबाही गरिने जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी हरिबहादुर बस्नेतले बताउनु भयो। आगामी दिनमा पनि विद्यालय बसहरूमा नियमित अनुगमन तथा मा.प.से. चेकजाँच अभियानलाई निरन्तरता दिइने उहाँले जनाउनु भयो। यसैबिच, पोखरा महानगरपालिकाको समेत यस बिषयमा चासो दिएको छ। महानगरको शिक्षा समितिका अध्यक्ष पोखराका मेयर धनराज आचार्यले सूचना जारी गर्दै फागुन ५ गतेदेखि सबै विद्यालय तथा कलेज बस चालकहरूको अनिवार्य मापसे चेकिङ गरिने जानकारी गराउनु भएको छ। महानगरका अनुसार विद्यालयका बालबालिकाको सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा कुनै किसिमको लापरबाही सह्य नहुने उहाँले स्पष्ट पार्नुभयो। मापसे गरेको भेटिएमा सम्बन्धित चालकलाई प्रचलित कानुन बमोजिम कारबाही गरिने भएको छ भने सम्बन्धित शैक्षिक संस्थालाई रु. ५ हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना गरिने महानगरले चेतावनी दिइएको छ।

पटक-पटक उल्लंघन भएको पाइएमा सम्बन्धित विद्यालयसँग स्पष्टीकरण मागी अनुमति पत्रसमेत निलम्बन गर्न सकिने महानगरले जनाएको छ। मेयर आचार्यले प्रधानाध्यापक तथा प्रिन्सिपलहरूलाई गम्भीर हुन आग्रह गर्दै विद्यालय बस सञ्चालनमा उच्च सतर्कता अपनाउन निर्देशन दिनुभएको छ।




# 'संसार आफ्नै' एउटा उद्यमीले बाँचेको समय पुस्तक बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

उद्योगपति एवम् लेखनाथ उद्योग वाणिज्य सङ्घका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले आफ्ना जीवनका भोगाई र अनुभव समेटिएको 'संसार आफ्नै' एउटा उद्यमीले बाँचेको समय पुस्तक बजारमा आएको छ।

कर्माचार्यले शिक्षकका रुपमा प्राप्त ज्ञान, आफ्नो व्यावसायिक अनुभवसँगै पोखराको व्यावसायिक परिवर्तन लगायतका विविध विषयलाई पुस्तकमा समेट्नुभएको छ। कोसेली प्रकाशन पोखराद्वारा प्रकाशित पुस्तकमा कर्माचार्यले आँफू र आफ्नो परिवारको मात्र नभएर समस्त कर्माचार्य बन्धुहरूको बसोबास नेपालका कुनकुन जिल्लामा छ, त्यसबारे पनि जानकारी दिने प्रयास गर्नुभएको छ।

हिजो र आज कर्माचार्य बन्धुहरूको पेसा व्यवसाय र बसोबासमा आएको भिन्नतालाई पुस्तकमा देखाउन खोजिएको छ। कर्माचार्य आँफूले सेवा गर्ने अवसर पाएका संस्थाका विगतका स्मरणलाई पुस्तकमा उल्लेख गर्नुभएको छ। आफ्नी श्रीमती लक्ष्मीसुन्दरीको मिर्गौला रोगबाट भएको निधनले पारिवारिक जीवनमा पारेका प्रभाव प्रभावलाई कमार्चाले उक्त पुस्तकमा उल्लेख गर्नुभएको छ।




मिर्गौला रोग लागेपछि आर्थिक भारले उपचार गर्न नसकिने गम्भीर अवस्थालाई दृष्टिगत गर्दै मिर्गौला पीडितका लागि सहयोगार्थ राखिएको रु ३० लाखको लक्ष्मीसुन्दरी कर्माचार्य मिर्गौला पीडित सहयोग अक्षयकोषमार्फत त्यसको ब्याजमध्येबाट वार्षिक एकजना मिर्गौला पीडितलाई रु एक लाख सहयोग गर्दै आइएको पुस्तकमा उल्लेख छ। त्यस्तै लेखनाथ उद्योग वाणिज्य सङ्घमार्फत सञ्चालित रु एक लाख एक हजारको 'चन्द्रलक्ष्मी कर्माचार्य ज्येष्ठ नागरिक सेवा पुरस्कार पनि त्यसैबाट उपलब्ध गराउँदै आइएको पुस्तकमा भनिएको छ। पोखराका विभिन्न संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरेका कर्माचार्यले लेखनाथ उद्योग वाणिज्यको सङ्घको स्थापना, सङ्घको भवन निर्माण, सङ्घले गर्दै आएको लेखनाथ महोत्सव, लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको स्थापना, पृथ्वी राजमार्गमा बस सञ्चालन आदिबारे पनि चर्चा गरिएको छ। नेवारी समुदायले योमरी पुन्हीका दिन खाने परिकारलाई अन्तरराष्ट्रिय ब्रान्ड बन्न सक्ने परिकारका रुपमा प्रस्तुत गर्दै कर्माचार्यले त्यसको महत्व एवम् सांस्कृतिक पक्षबारे चर्चा गर्नुभएको छ। आफ्नो व्यावसायिक यात्राका विविधपक्षबारे चर्चा गर्दै पुस्तकमा कमाचार्य ग्रुपको स्थापनासँगै त्यसयता आँफूहरूले सञ्चालनमा ल्याइएका गरिएका कर्माचार्य नुडल्स इन्डस्ट्रि, कर्माचार्य आयल इन्डस्ट्रि प्रालि, एभरेष्ट रबर उद्योग प्रालि, कर्माचार्य प्लास्टिक उद्योग प्रालि, गण्डकी प्लास्टिक प्रोडक्ट्स प्रालि, छाँगो प्लास्टिक इन्डस्ट्रिज प्रालि, गण्डकी आयल मिल प्रालि, कर्माचार्य फुडग्रेन्स कम्पनी प्रालि, कर्माचार्य बेक्स एण्ड फुड्क इन्डष्ट्रिज प्रालि, फिस्टेल डेरी उद्योग प्रालि, कन्ट्री फुड्स प्रालि, कन्ट्री कन्फेक्सनरी प्रालि आदिका कथाव्यथाबारे चर्चा गरिएको छ।

पुस्तकका सम्बन्धमा चर्चा गर्दै नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व केन्द्रीय अध्यक्ष आनन्दराज मुल्मीले पुस्तकमार्फत कर्माचार्यले आफ्ना भावना, अनुभव, यथार्थ अनुभूतिसँगै भोगेका सुख दुःखका कुरालाई अभिव्यक्त गर्नुभएको बताउनुभयो।"एउटा शिक्षककमा रुपमा प्राप्त ज्ञान, उद्यमीका रुपमा गर्नुपरेको सङ्घर्ष र पाएको सफलता, समाजसेवी बन्दा र विभिन्न सङ्घ संस्थामा आवद्ध हुँदाको कथा अनि एउटा पतिका रुपमा, अभिभावकका रुपमा आफ्ना परिवारजनप्रतिको आत्मियताबारे सविस्तार उल्लेख हुनु यस पुस्तकको रोचक पक्ष हुन गएको छ", मुल्मीले भन्नुभयो, "यसमा आफ्ना कमाचार्य पूर्वज/वंशको जरा खोज्न देखाएको जिज्ञासा अझै महत्वपूर्ण छ।"जीवनमा अनुशासन र मेहनतको आवश्यकता, आउने उतारचढाव र चुनौतीलाई सहज बनाउन चाहिने लगनशीलता र क्रियाशीलताको कति धेरै महत्व छ, भन्ने कुरा पुस्तकमा प्रतिविम्बित भएको मुल्मीले बताउनुभयो। जम्मा २१० पृष्ठमा रहेको पुस्तकको शनिबार एक समारोहकाबीच पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले लोकार्पण गर्नुभयो। महानगरप्रमुख आचार्य, पुस्तकका समीक्षक एवम् लेखनाथ उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष चतुराखर अधिकारी लगायतले एउटा उद्यमीका जीवनका भोगाइ र अनुभव समेटिएको पुस्तक अरुका लागि पनि प्रेरक बन्ने विश्वास व्यक्त गर्नुभयो।



मर्दी बेस क्याम्पबाट मौसम खुलेको दिन देखिएको माछापुच्छ्रे हिमाल। समुद्र सतहदेखि तीन हजार ५५० मिटरमा रहेको मर्दी हाई क्याम्पबाट माछापुच्छ्रे हिमाल सजिलै देख्न पाइन्छ। तस्वीर : रासस

# प्रजातन्त्र दिवसका दिन नव आदर्शको रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

पोखराको लामाचौरमा वृहत रक्तदान कार्यक्रम हुने भएको छ।

प्रजातन्त्र दिवसको अवसरमा नव आदर्श सामुदायिक विकास समाजले २६ औं संस्करणको रक्तदान कार्यक्रम गर्न लागेको समाजका अध्यक्ष दिनेश भण्डारीले जानकारी दिए।

यही फागुन ७ गते बिहान ८ बजेदेखि लामाचौर चोकमा हुने कार्यक्रमको तयारी शुरु गरिएको अध्यक्ष भण्डारीले बताए। उनका अनुसार बढी भन्दा बढी रक्तदाता सहभागी गराउन बिभिन्न संघ संस्थासँग समन्वय भई रहेको छ।

पोखरामा बिभिन्न समयमा देखिने रगतको अभावलाई न्युनिकरण गर्न र मानवीय सेवाका क्षेत्रमा समर्पित गर्न समाजले बार्षिक रुपमा क्यालेन्डर नै बनाएर निरन्तर कार्यक्रम गर्दै आएको उनले बताए। समाजको आयोजनामा हुने कार्यक्रममा एल सी ब्रदर्श युनाइटेड, युवा रेडक्रस सर्कल गण्डकी मावि, जुनियर रेडक्रस सर्कल इन्द्रराज्यलक्ष्मी मावि, अनुग्रहको सत्सङ्ग लामाचौरले सहकार्य गरेका छन्।

प्रादेशिक रक्त संचार केन्द्र पोखराको प्राविधिक सहयोगमा हुने कार्यक्रममा सहभागी हुन समाजले आग्रह गरेको छ। संस्थाले अघिल्लो बर्ष गरेको कार्यक्रममा १ सय ५ युनिट रगत संकलन भएको थियो।

# मनाङ मर्स्याङदी क्लव आहा ! रारा पोखरा गोल्डकपको सेमिफाइनलमा प्रबेश

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

मनाङ मर्स्याङ्दी क्लव २५ औं आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को सेमिफाइनलमा प्रबेश गरेको छ। पोखरा रंगशालाको फुटबल मैदानमा सोमबार भएको तेश्रो क्वाटरफाइनल खेलमा पाहुना टोली भारत सिक्किमको थण्डरबोल्ट नर्थ युनाइटेडलाई १–० को गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो।

मनाङको जितमा आसिस श्रेष्ठले निर्णायक गोल गर्नु भयो। आसिसले हेड मार्फत खेलको १ सय ५ मिनेट पछिको इन्जुरी समयमा गोल गर्नु भएको हो। ९० मिनेटको निर्धारित समयमा दुबै तर्फ गोल हुन नसके पछि खेल १५/१५ मिनेटको अतिरिक्त समयमा पुगेको थियो। गत बर्षदेखि आहा रारा पोखरा गोल्डकपमा सहभागिता जनाउदै आएको भारतको थण्डरबोल्ट



यसपाली सिधै क्वाटरफाइनलको यात्रा पाए पनि क्वाटरफाइनलबाट माथिको यात्रा भने तय गर्न सकेन। पाएका केही अवसर सदुपयोग गर्न नसक्दा यसपाली पनि क्वाटरफाइनलबाट यात्रा छोट्याएको हो। गत बर्ष प्रि–क्वाटरफाइनलमा संकटा क्लवलाई पराजित गरी क्वाटरमा थन्डरबोल्ट ब्याक बुल्स फुटवल क्लवसंग पराजित भएको थियो। आजको खेलमा मनाङका आसिस श्रेष्ठ म्यान अफ दी म्याच घोषित हुनु भयो। समुह एकको मनाङले अब सहारा क्लवसंग यही फागुन ६ गते पहिलो सेमिफाइनल खेलमा प्रतिष्प्रर्धा गर्ने भएको आयोजक सहारा क्लवका अध्यक्ष केशवबहादुर थापाले बताउनु भयो।

थन्डरबोल्टका प्रशिक्षक आसिस क्षेत्रीले नेपालको चर्चीत र बलियो टिम मनाङसंग आफुहरुले उत्कृष्ट खेल प्रर्दशन गर्दा गर्दै अतिरिक्त समयमा हार्नुपरेको बताउनु भयो। आफुहरुसंगै युवा सहितको टिम भएकोले आगामी दिनमा समेत आउने उहाँले जनाउनु भयो। मनाङका प्रशिक्षक अनिल तामाङले आफुहरुले पाएका केही अवसर सदुपयोग हुन नसक्दा जित निकाल्न अतिरिक्त समयको सहायता लिनुपरेको बताउनु भयो। सहारा बिरुद्धको सेमिफाइनल खेल उत्कृष्ट प्रर्दशन गर्ने गरी तयारी गर्ने उहाँले जनाउनु भयो।

मनाङ आहा रारा पोखरागोल्ड कपमा ६ पटक उपाधि सहित सर्वाधिक सफलता हासिल गरेको टिम हो।हिमश्री फुड्सको उत्पादन रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा जारी प्रतियोगिता अर्न्तगत सोमबारको खेल पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले रेफ्रिलाई वल हस्तान्तरण गरी शुभारम्भ गर्नु भएको हो। यसैबिच, मंगलबार चौथो क्वाटरफाइनल खेलमा प्लानिङ व्वाईज यूनाइटेड र उज्वेकिस्तानको आबा फुटवल क्लव बिच खेल हुने प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो।

# रेडक्रस उपशाखा १७ को रक्तदानमा ७० युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

नेपाल रेडक्रस सोसाइटी उपशाखा-१७ को आयोजनामा हालै सम्पन्न खुला रक्तदान कार्यक्रम भव्य, सभ्य र प्रेरणादायी वातावरणमा सम्पन्न भएको छ।

कार्यक्रममा ७० युनिट रगत संकलन भएको आयोजकले जनाएको छ। कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १७ का वडा अध्यक्ष राधिका शाही योगी रहेकी थिइन्। अध्यक्ष राधिकाले रक्तदानको महत्वबारे प्रकाश परिन्। "रगत कुनै उद्योग वा प्रयोगशालामा उत्पादन गर्न सकिँदैन। यो केवल मानवबाट मानवमै सर्ने अमूल्य जीवनदायी तत्व हो। दुर्घटना, प्रसूति, शल्यक्रिया तथा विभिन्न रोगबाट पीडित बिरामीका लागि समयमै रगत उपलब्ध हुनु अत्यन्त आवश्यक हुन्छ। त्यसैले हरेक स्वस्थ नागरिकले नियमित रूपमा रक्तदान गर्नुपछ।" विशेष अतिथिका




रूपमा नेपाल रेडक्रस सोसाइटी जिल्ला सभापति अर्मिला खड्का, निवर्तमान जिल्ला सभापति इन्द्रराज शर्मा, उपमन्त्री तथा जुनियर युवा संयोजक डिल्लीराम बराल, उपशाखा समन्वयकर्ता वविता सुवेदी, समाजसेवी रजनी कोइराला तथा ब्लड बैंक प्रमुख अर्जुन चवालीको गरिमामय उपस्थिति रहेको थियो। त्यसैगरी, उपशाखा-१७ का सभापति लक्ष्मी अधिकारी, निवर्तमान सभापति हरिप्रसाद श्रेष्ठ, उपसभापति बीना लोहनी, कार्यक्रम सञ्चालक चुनामणि बराललगायत सदस्यहरूको सक्रिय सहभागिता उल्लेखनीय रहेको थियो। कार्यक्रम संयोजक रीता सुवेदीले सम्पूर्ण रक्तदाता, अतिथि, स्वयंसेवक तथा सहयोगीहरूप्रति आभार व्यक्त गरिन्।

# क्रियापुत्री भवन निर्माणका लागि जरेवर उज्वल दिदीबहिनी समुहको ५ लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

पोखरा वडा नम्बर ५, ६, ७ र १८ को संगम स्थल बासेको पधेरोमा आवासिय क्रियापुत्री भवन निर्माणका लागि सहयोग आएको छ।

पोखरा ६ को जरेवर उज्वल दिदी बहिनी समूहले ५ लाख ५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गरेको छ।

जरेवर उज्वल दिदी बहिनी समूहकी अध्यक्ष शान्ति पौडेलले क्रियापुत्री भवन निर्माण समितिका अध्यक्ष ठाकुरप्रसाद बराललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरिन्। आवासिय क्रियापुत्री भवन नहुँदा बिभिन्न जिल्लाबाट पोखरामा आएर व्यपार, व्यवसाय गर्ने र स्थानीय समेतलाई क्रिया कर्म गर्न समस्या भएपछि निमार्ण थालिएको हो। स्थापना काल देखि देउँसी भैलो, भजन कृतन, रत्यौली लगायतका कार्यक्रमबाट संकलन गरेको रकम भवन निर्माणका लागि सहयोग गरेको उज्वल दिदी बहिनी समूहकी अध्यक्ष पौडेले जानकारी दिइन्।

समाजमा भएका विकृति विसंगति अन्त्य र सभ्य समाज निर्माण गरौ भन्ने उद्देश्यले २०६८ सालमा स्थापना भएको जरेवर उज्वल दिदीवहिनी समूहले विकृति विसंगति हटाउने काम पनि सक्रिय रहेको छ। समुहले समाजीक सेवा र विकासका लागि दुःखजीलो गरि संकलन गरेको रकम सहयोग गरेको समूहकी सचिव शान्ता सुवेदी तिमिल्सिनाले बताइन्।

परिवार गुमाएर पिढा भएको समयमा सजिलो संग आवसिय रुपमा समेत क्रिया कर्म गर्न सक्ने गरी निर्माण भइरहेको क्रियापुत्री भवन निर्माणका लागि यति ठूलो रकम सहयोग गरेको उनको भनाई छ।

जरेवर उज्वल दिदीवहिनी समूहले महत्वपूर्ण योगदान दिएको निमार्ण समितिका अध्यक्ष बरालले बताए। क्रियापुत्री भवन निर्माणका लागि स्थानीयको साथै विभिन्न क्षेत्रका सामाजिक व्यक्तित्व, विभिन्न संघ संस्था लगायतले सहयोग गर्दै आएको समितिले जनाएको छ। तीन तले भवन निमार्णका लागि करिब ६० लाखको लागतमा निमार्ण हुनेछ।

# निर्वाचनलाई ...

सञ्चार, सुरक्षा र यातायातलगायत निर्वाचन सुरक्षासम्बन्धी सामग्रीहरूको यथोचित व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन गरिएको छ।" आयोगका अध्यक्ष तपबहादुर मगरले मतदाता, उम्मेदवार, पर्यवेक्षक, अनुगमनकर्ता तथा निर्वाचनमा खटिने सम्पूर्ण कर्मचारीको सुरक्षा व्यवस्था र मानवअधिकार संरक्षणका लागि भएका कार्यहरू सम्बन्धमा जानकारी गराउन आग्रह गर्नुभएको थियो।

सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूले उहाँले सुरक्षा निकायलाई आवश्यक पर्ने सहायता सामग्रीको कमीका बाबजुत निर्वाचन सम्पन्न गराउनका लागि उच्च मनोबलका साथ तयारी भइरहेको बताउनुभएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# मतदाता शिक्षा कर्मकाण्डी नहोस्

आम निर्वाचनमा मतदाताको संख्या बढाउन मतदाता नामावली संकलनमा उल्लेख्य सुधार भएको छ । नयाँ मतदाताको संख्या १० लाख भन्दा बढी थप भएको छ । नयाँ मतदाता संख्या उल्लेख्य बढ्नुमा अनलाइनबाट नाम भर्न सकिने गरि सरल बनाइएको थियो । नागरिकता नभएपनि प्रमाण खुल्ने अन्य कागजातलाई पनि मान्यता दिइएको छाजैनजी आन्दोलनपछि नयाँ मतदातामा मतदाता नामावलीमा नाम समावेश बनाउने लहर नै चल्यो ।

विदेशमा बसेकाले समेत अनलाइन प्रणालीबाट नाम दर्ता गराए।निर्वाचन आयोगले नीतिका कारण सहज बनेको हो । निर्वाचनमा सहभागिता बढाउन र गोप्य मतदानको बारेमा निर्वाचन आयोगले सकृयता देखाउन सकेको छैन। निर्वाचनमा मिथ्या सूचना र आचारसंहिता पालनामा आयोग चुकेको जस्तो भान भएको छ । हाम्रोजस्तो मुलुकमा निर्वाचनमा मतदाता शिक्षा जरुरी छादल र उमेदवार घरदैलो गर्नु अघि मतदाता शिक्षादिन सकेको भए मतदाता बढी सचेत हुने थिए । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आइतबारदेखि देशभर मतदाता शिक्षा कार्यक्रम सुरु गरेको छ । निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ बमोजिम आइतबारदेखि मतदाता शिक्षा विशेष कार्यक्रम स्वीकृत भएको छ । सोहीअनुसार यो कार्यक्रम अगाडि बढाएको हो । नागरिकलाई मताधिकारको महत्त्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत विशेष कार्यक्रमअनुसार मतदाता शिक्षा कार्यक्रम अगाडि बढ्न लागेको आयोगले जनाएको छ ।

आइतबारदेखि सुरु यो कार्यक्रम यही फागुन १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा सञ्चालन हुनेछ । त्यसका लागि एक-एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन हुनेछन् । निर्वाचन आयोगले उमेदवार दर्ता अगावै पालिका र वडालाई कार्यक्रम गर्न दिएको भए बढी प्रभावकारी हुने थियो । अहिले छोटो अबधिमा र उमेदवार घरदैलोमा पुगेको बेला गरने कार्यक्रम कर्मकाण्डी बन्छ । आयोगबाट त्यसरी खटिएका स्वयंसेवकले आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्त्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराउनेछन् भन्ने अपेक्षा हो ।

प्रभावकारी मतदाता शिक्षाले निर्वाचनमा मतदाताको सहभागिता बढाउनेदेखि बदर मतको अनुपात न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास आयोगले लिएको छ । आयोगले सो कार्यमा सहयोग, समन्वय र सहजीकरणका लागि सातै प्रदेश सरकार, सबै स्थानीय तह, निर्वाचनको प्रतिस्पर्धामा रहेका राजनीतिक दल, उम्मेदवार तथा सञ्चार जगत्लगायत सम्पूर्ण सरोकारवालामा आयोगले अनुरोध गरेको छ । आयोगले थालेको कार्यक्रम ढिला भए पनि गर्नैपर्ने हो।यो अबधिको सही सदुपयोग गर्न सबैले सघाउन आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शत्रुको भय | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जेनजी प्रदर्शनका दुई सय घाइतेको वर्गीकरण

**रासस**
काठमाडौं, ४ फागुन

जेनजी प्रदर्शनका क्रममा घाइते भएका दुई सय जनाको वर्गीकरण गरिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले हालसम्म दुई सय जना घाइतेको वर्गीकरण विवरण प्राप्त भएको बताउनुभयो ।

कात्तिक र मङ्सिर १८३ जना, पुसमा १६ र माघमा एक जनाको मात्र वर्गीकरण भएको उहाँले जानकारी दिनुभयो । "जिल्ला प्रशासन कार्यालयले जेनजी प्रदर्शनका क्रममा घाइते भएको विवरण पठाउनुपर्ने हो, तर कार्यालयले पटकपटक सूचना जारी गर्दा पनि घाइते सम्पर्कमा आएनन् भनेर जानकारी दियो । त्यसैले वर्गीकरणको सङ्ख्या धेरै भएन", प्रवक्ता बुढाथोकीले भन्नुभयो ।

उहाँले सम्पर्कमा नआएपछि घाइतेको वर्गीकरण र नयाँ घाइतेको विवरण सङ्कलन गर्ने कार्य निश्चित अवधि तोकेर अगाडि बढाइने जानकारी दिनुभयो । जेनजी प्रदर्शनका क्रममा धेरै जना घाइते भए पनि सामान्य घाइते भएकालाई केही सुविधा उपलब्ध नहुने भएकाले पनि सम्पर्कमा नआएको हुनसक्ने बुढाथोकीको बुझाइ छ ।

उहाँका अनुसार जेनजी प्रदर्शनका क्रममा दुई हजार ५९९ जना घाइते रहेको मन्त्रालयको तथ्याङ्क छ ।

# राष्ट्र बैंकद्वारा तीन वाणिज्य बैंकलाई कारबाही

**रासस**
काठमाडौं, ४ फागुन

नेपाल राष्ट्र बैंकले तीनवटा वाणिज्य बैंकलाई कारबाही गरेको छ ।

नेपाल राष्ट्र बैंक ऐन तथा बैंक वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनविपरीत काम गरेको आरोपमा एनआइसी एशिया बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड कारबाहीमा परेका हुन् ।

"एनआइसी एसिया बैंक लिमिटेडले यस बैंकबाट जारी गरिएको निर्देशन बारम्बार उल्लङ्घन गर्दै वित्तीय विवरण प्रकाशन गर्दै आएको र यस बैंकबाट उक्त बैंकलाई जारी गरिएको लिखित आदेशको समेत पालना नभएको पाइएकोले उक्त बैंकका तत्कालीन सञ्चालक समितिका अध्यक्ष तुलसीराम अग्रवाल र तत्कालीन प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन २०७३ सहित) को दफा १०० उपदफा २ (ग) बमोजिम समान रु दुई लाख नगद जरिवाना गरिएको छ", राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा भएको कारबाहीको विवरणमा उल्लेख छ ।

त्यसैगरी ग्लोबल आइएमई बैंक लिमिटेडको स्थलगत निरीक्षण प्रतिवेदन, २०८२ को आधारमा कैफियत देखिएपछि उक्त बैंकका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ । ग्लोबल आइएमई बैंकले नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन २०८१ को व्यवस्थाअनुसार पर्याप्त कर्जा नोक्सानी व्यवस्था कायम नगरेको र कर्जाको पुनर्तालिकीकरण तथा पुनरसंरचना सम्बन्धी व्यवस्था पूर्ण रुपमा पालना नगरेका कारण सचेत गराइएको जनाएको छ। बैंकको स्थलगत निरीक्षणका क्रममा 'कोर बैंकिङ सफ्टवेयर' मा चुक्ता भइसकेको कर्जालाई पुरानै 'भ्यालु डेट'मा राखी पुनः सिर्जना गर्नसक्ने अवस्था रहेको पाइएको राष्ट्र बैंकले जनाएको छ । त्यसैगरी, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको विपरीत कर्जाको सुरक्षण नहुने किसिमले कर्जासँग सम्बन्धित कागजातहरूमा ग्राहकको सहीछाप नगराएको तथा सुरक्षणले खामेकोभन्दा बढी कर्जा प्रवाह गरेको जनाइएको छ । एउटै प्रकृतिका कर्जाहरूको ब्याजदर अन्तर दुई प्रतिशत विन्दुभन्दा बढीले कायम गरेको तथा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ को प्रावधानविपरीत त्रयमासको अन्तिम महिनाहरूमा नयाँ अल्पकालीन कर्जाहरू प्रवाह गरेका कारण कारबाही गरिएको राष्ट्र बैंकले जनाएको छ । जसको कारबाहीस्वरुप बैंकको सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ ।

# लुम्बिनी र मधेस प्रदेश गैँडाकोट मेयर कपको फाइनलमा

**रासस**
काठमाडौं, ४ फागुन

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा जारी पाँचौं गैँडाकोट मेयर कप राष्ट्रिय टी-ट्वान्टी क्रिकेट प्रतियोगिताअन्तर्गत आइतबार सेमिफाइनलका खेल सम्पन्न भएका छन् ।

गैँडाकोट-९ स्थित नवजागरण खेलकुद मैदानमा भएको सेमिफाइनल प्रतिस्पर्धाबाट लुम्बिनी प्रदेश र मधेस प्रदेशको टोली फाइनल प्रवेश गरेका छन् । आज भएको पहिलो खेलमा आयोजक गैँडाकोट मेयर्स ११ लाई ४४ रनले पराजित गर्दै लुम्बिनी प्रदेशले फाइनलमा आफ्नो यात्रा सुरक्षित गरेको हो । टस हारेर ब्याटिङको निम्ता पाएको लुम्बिनीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १८१ रन बनायो । लुम्बिनीले दिएको १८२ रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रिएको गैँडाकोट मेयर्स ११ ले १९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १३७ रन मात्रै बनाउन सफल भयो । लुम्बिनीको जितका लागि कप्तान देव खनालले अर्धशतकीय पारी खेले । उनले ५० बलमा छ छक्का र पाँच चौकाको मद्दतले ७४ रनको योगफल तयार पारे ।

यस्तै, प्रज्वल थापाले १९ बलमा तीन छक्का र दुई चौकासहित ३८, सम्राट भुसालले २३ बलमा एक छक्का र तीन चौकासहित २७ तथा दीपेश रोक्काले १० बलमा एक छक्का र एक चौकासहित १५ रनको योगदान दिँदा अन्य ब्याटरहरूले दोहोरो अङ्क जोड्न सकेनन् ।

बलिङतर्फ मेयर्स ११ का बलर चन्द्रकान्त पौडेलले चार ओभरमा २० रन खर्चिदै लुम्बिनीको चार विकेट लिए पनि टिमलाई हारबाट जोगाउन सकेनन् ।

# सदरमुकामदेखि एक सय किलोमिटर टाढा छन् मतदान केन्द्रहरू

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ४ फागुन

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यहाँ कायम भएका कतिपय मतदानस्थल तथा केन्द्रहरू सदरमुकाम जोमसोमदेखि एक सय किलोमिटरभन्दा बढी टाढा दूरीमा छन् ।

नेपाल-चीन उत्तरी कोरलानाकास्थित माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा कायम गरिएका मतदानस्थलहरू एक सय किलोमिटरभन्दा बढी दूरीमा रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । लोमान्थाङ गाउँपालिकामा छवटा मतदानस्थल छन् ।

जहाँ दुई हजार ११ जना मतदाता छन् । यहाँका सबै मतदानस्थलमा पुग्न सदरमुकाम जोमसोमदेखि सवारीसाधनमार्फत करिब ६/७ घण्टा समय लाग्ने जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिनुभयो । यहाँ लोमान्थाङ-२ समजुङ मतदानस्थल सारेर सोही वडाको छोसेरस्थित दिव्य माध्यमिक विद्यालय मतदानस्थलमा गाभिएको जिल्ला निर्वाचन अधिकारी ज्ञवालीले बताउनुभयो । कोरला सडक मार्गसँग जोडिएका मतदानस्थल र शाखा सडकमा रहेका मतदानस्थल सवार ीसाधनको सहज पहुँचमा छैनन् । त्यसैगरी लोघेकर दामोदरकुण्ड गाउँपालिकाका मतदान केन्द्रहरूको दूरी पनि एक सय किलोमिटर दूरीमा छन् । कोरला सडकअन्तर्गत घिलिङ, घमी, चराङलगायतका मतदानस्थलहरू राष्ट्रिय राजमार्गसँग जोडिएकाले यातायात आउजाउमा सहज भए पनि अन्य मतदानस्थलहरू टाढा रहेकाले त्यहाँ पुग्न जोमसोमदेखि घण्टौं लाग्ने जनाइएको छ ।

मतगणनास्थलदेखि जोमसोमसम्म मतपेटिका ल्याई पुऱ्याउन राति १२ बजेसम्म समय लाग्ने बताइएको छ । माथिल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका पाँच वडामा एक हजार ५४२ जना मतदाता छन् ।

त्यसैगरी, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाअन्तर्गतका मतदान केन्द्र तथा मतदानस्थलहरूको दूरी जोमसोमबाट करिब ५० किलोमिटर छ । दुई हजार ८८५ मतदाता यस पालिकामा छन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यहाँका पाँच स्थानीय तहमा ३९ मतदानस्थल कायम गरिएका छन् । यहाँ कुल ११ हजार ३२८ जना मतदाता कायम रहेको छ ।

# तीन वाणिज्य बैङ्कलाई राष्ट्र बैङ्कको कारबाही

**रासस**
काठमाडौं, ४ फागुन

नेपाल राष्ट्र बैङ्कले तीन वाणिज्य बैङ्कलाई कारबाही गरेको छ । नेपाल राष्ट्र बैङ्क ऐन तथा बैङ्क वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन विपरीत काम गर्ने एनआइसी एसिया बैङ्क लिमिटेड, ग्लोबल आइएमई बैङ्क लिमिटेड र नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क लिमिटेड कारबाहीमा परेका हुन् ।

"एनआइसी एसिया बैङ्क लिमिटेडले यस बैङ्कबाट जारी गरिएको निर्देशन बारम्बार उल्लङ्घन गर्दै वित्तीय विवरण प्रकाशन गर्दै आएको र यस बैङ्कबाट उक्त बैङ्कलाई जारी गरिएको लिखित आदेशको समेत पालना नभएको पाइएकाले उक्त बैङ्कका तत्कालीन सञ्चालक समितिका अध्यक्ष तुलसीराम अग्रवाल र तत्कालीन प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेलाई नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ (दोस्रो संशोधन २०७३ सहित) को दफा १०० उपदफा २(ग) बमोजिम समान रु दुई लाख नगद जरिवाना गरिएको छ", राष्ट्र बैङ्कले आज चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा भएको कारबाहीको विवरण सार्वजनिक गर्दै भनेको छ ।

त्यस्तै, ग्लोबल आइएमई बैङ्क लिमिटेडको स्थलगत निरीक्षण प्रतिवेदन, २०८२ का आधारमा कैफियत देखिएपछि उक्त बैङ्कका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ । ग्लोबल आइएमई बैङ्कले नेपाल राष्ट्र बैङ्कबाट बैङ्क तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन २०८१ को व्यवस्थाअनुसार पर्याप्त कर्जा नोक्सानी व्यवस्था कायम नगरेको र कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचनासम्बन्धी व्यवस्था पूर्ण रूपमा पालना नगरेका कारण सचेत गराइएको जनाएको छ ।

त्यस्तै बैङ्कको स्थलगत निरीक्षणका क्रममा 'कोर बैङ्किङ सफ्टवेयर' मा चुक्ता भइसकेको कर्जालाई पुरानै 'भ्यालु डेट'मा राखी पुनः सिर्जना गर्न सक्ने अवस्था रहेको पाइएको राष्ट्र बैङ्कले जनाएको छ। त्यसैगरी, नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क लिमिटेडले राष्ट्र बैङ्कबाट जारी गरिएको निर्देशनको विपरीत कर्जाको सुरक्षण नहुने किसिमले कर्जासँग सम्बन्धित कागजातहरूमा ग्राहकको सहीछाप नगराएको तथा सुरक्षणले खामेकोभन्दा बढी कर्जा प्रवाह गरेको छ । त्यस्तै, एउटै प्रकृतिका कर्जाहरूको ब्याजदर अन्तर दुई प्रतिशत बिन्दुभन्दा बढीले कायम गरेको तथा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ को प्रावधान विपरीत त्रयमासको अन्तिम महिनाहरूमा नयाँ अल्पकालीन कर्जा प्रवाह गरेका कारण कारबाही गरिएको राष्ट्र बैङ्कले जनाएको छ । जसको कारबाहीस्वरुप बैङ्कको सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ ।

# दर्शन सहकारीको १५औं स्थापना दिवसमा निःशुल्क दन्त शिविर हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १५औं स्थापना दिवस र प्रजातन्त्र दिवसको अवसर पारेर निःशुल्क दन्त शिविर गर्ने भएको छ ।

सहकारीले आगामी फागुन ७ गते बिहान ८ बजेदेखि कास्कीको माछापुच्छे गाउँपालिका वडा नं. ४, लाहाचोकमा निःशुल्क दन्त शिविर आयोजना गर्ने भएको हो । निट डेन्टल केयर, महेन्द्रपुलको प्राविधिक सहयोगमा उक्त शिविर हुने भएको हो । गाउँघरमै विशेषज्ञ सेवा पुर्याउने उद्देश्यले आयोजना गरिएको यस शिविरमा दाँत तथा मुख सम्बन्धी विभिन्न समस्याहरूको निःशुल्क परीक्षण र परामर्श प्रदान गरिने सहकारीका अध्यक्ष राजाराम शाहीले जानकारी दिएका छन् ।

उनका अनुसार सहकारीले केवल बचत तथा ऋणको कारोबार मात्र नगरी सामाजिक उत्तरदायित्व अन्तर्गत मानवीय सेवाका कार्यलाई पनि उत्तिकै प्राथमिकता दिँदै आएको छ । सहकारीले हरेक वर्ष आफ्नो वार्षिक क्यालेन्डरमै समावेश गरेर यस्ता स्वास्थ्य तथा सामाजिक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै आएको उनले बताए ।

मुखको स्वास्थ्य समग्र शरीरकै दर्पण हो, तर धेरै मानिसहरूले चेतना र पहुँचको अभावमा आफ्नो दाँतको समस्या लुकाएर राखेका हुन्छन् । विशेषगरी ग्रामीण क्षेत्रका बासिन्दालाई लक्षित गर्दै हामीले यो शिविर आयोजना गरेका हौं, जसले मुखका रोग न्यूनीकरण गर्न र स्थानीय समुदायमा स्वास्थ्यप्रति सचेतना बढाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं, अध्यक्ष शाहीले भने । सहकारीले लाहाचोक र आसपासका क्षेत्रका सम्पूर्ण दाँत तथा मुख सम्बन्धी समस्या भएका महानुभावहरूलाई यस अवसरको लाभ उठाउन आग्रह समेत गरेको छ । शिविरमा विशेषज्ञ चिकित्सकहरूले दाँत परीक्षण गर्ने, सफा गर्ने विधि सिकाउने र आवश्यक औषधीहरू समेतपरामर्शका आधारमा उपलब्ध गराउने बताइएको छ । विषेशगरी सामाजिक उत्तरदायित्वको क्षेत्रमा दर्शन सहकारीले गरेको आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिँदै आएको छ ।

यसै प्रतिबद्धतालाई सार्थकता दिन सहकारीले विभिन्न समयमा शैक्षिक सामग्री वितरणदेखि लिएर स्वास्थ्य सम्बन्धी शिविरहरू सञ्चालन गर्नुका साथै जनचेतना अभिवृद्धि गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरी पोखरा र वरिपरिका समुदायमा आफ्नो सामाजिक पहिचान दृढ गर्दै समेत आएको छ ।


Free On-line English Course
REGISTER TODAY
on
www.worldenglishinstitute.org
Free English Classes at Lakeside Pokhara
with experienced American teachers,
Call on 9826139023
for more information

